# पूर्वखोला गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड :९ पूर्वखोला २०८२/०८/०४ संख्याः २

पूर्वखोला गाउँपालिकाको बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका,२०८२

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०८/०४

१. प्रस्तावनाः

नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन,२०७४, बालबालिका सम्बन्धी ऐन,२०७५ एवं सो सम्बन्धी नियमावली,२०७८, नेपाल पक्ष भई अनुमोदन गरेका बाल अधिकार सम्बन्धी महासन्धी (CRC),१९८९ लगायतका विभिन्न अन्तराष्ट्रिय महासन्धीहरु, नेपाल सरकारले लिएको दिगो विकासका लक्ष्यहरु, हाल कार्यान्वयनमा रहेको साह् आवधिक योजना तथा बाल अधिकारको संरक्षण र सम्बर्धन गर्नका लागि नेपाल सरकारले पारित गरी जारी गरेका विभिन्न रणनीतिक योजना, कार्यविधि तथा निर्देशिकाहरुका विभिन्न नीति तथा कानूनी प्रावधानहरुमा उल्लेख भए बमोजिम यस गाउँपालिका भित्र रहेका बालबालिकाहरुको हक, हीत र अधिकारलाई संरक्षण, सम्बर्धन र प्रवर्धन गर्दै बाल अधिकारका सवालहरुलाई गाउँपालिकाको नीति,संरचना, प्रणाली, कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्न गाउँपालिकामा बालमैत्री स्थानीय शासन सञ्चालन तथा कार्यक्रम गर्न वाञ्छनिय भएकाले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२(२) र बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका,२०७८ को दफा २४ ले दिएको अधिकारको प्रयोग गरी पूर्वखोला गाउँपालिकाले यो निर्देशिका बनाएको छ ।

परिच्छेद १

प्रारंभिक



गुन बहादुर थापा
अध्यक्ष

**२.संक्षिप्त नाम र प्रारम्भः** (क) यस निर्देशिकाको नाम "पूर्वखोला गाउँपालिकाको बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०८२" हुनेछ ।

(ख) यो निर्देशिका कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**३.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क) **"संविधान"** भन्नाले नेपालको संविधान,२०७२ सम्झनुपर्दछ ।

ख) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्दछ ।

ग) **"गाउँपालिका"** भन्नाले पूर्वखोला गाउँपालिका सम्झनुपर्दछ ।

घ) **"वडा"** भन्नाले गाउँपालिका भित्र रहेका ६ वटा सबै वडाहरु सम्झनुपर्दछ ।

ङ) **"कार्यपालिका"** भन्नाले पूर्वखोला गाउँ कार्यपालिका सम्झनुपर्दछ ।

च) **"वडा समिती"** भन्नाले पूर्वखोला गाउँपालिकाभित्रका ६ वटै वडामा रहेका वडा समितीहरु सम्झनुपर्दछ ।

छ) **"अध्यक्ष"** भन्नाले पूर्वखोला गाउँपालिकाको अध्यक्ष सम्झनुपर्दछ ।

ज) **"उपाध्यक्ष"** भन्नाले पूर्वखोला गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्दछ ।

झ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले पूर्वखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ ।

ञ) **"वडा अध्यक्ष"** भन्नाले पूर्वखोला गाउँपालिकाभित्रका ६ वटै वडाका वडा अध्यक्षहरु सम्झनुपर्दछ ।

ट) **"शाखा"** भन्नाले सामाजिक विकास शाखा सम्झनुपर्दछ ।

ठ) **"बाल क्लब"** भन्नाले पूर्वखोला गाउँपालिकाका ६ वटै वडाहरुमा गठन भएका/हुने बाल क्लबहरुलाई सम्झनुपर्दछ ।

## परिच्छेद २
## निर्देशिका निर्माण गर्ने आधार तथा उद्देश्यहरु



लुन बहादुर थापा
अध्यक्ष

## ४. निर्देशिका निर्माण गर्ने आधारहरु :

बालबालिकाहरु माथि हुने सवैखाले भेदभाव तथा जेखिमजन्य कार्यलाइ सम्बोधन गर्न संयुक्त राष्ट्रसंघको बाल अधिकार सम्वन्धि महासन्धी, १९८९, नेपालको संविधान २०७२, बालबालिका सम्वन्धि ऐन,२०७५, र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ,को दफा १०२(२) र बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका,२०७८ को दफा २४ ले दिएको अधिकारको प्रयोग गरी बालमैत्री स्थानीय शासन कार्यक्रम संचालन कार्यविधी निर्माण गरिएको छ ।

## ५. निर्देशिका निर्माण गर्नुका प्रमुख उदेश्यहरु :

पूर्वखोला गाउँपालिकालाई बाल बालिका सम्वन्धि विषयको पहिचान, योजना तर्जमा, कार्यान्वयन र प्रभावकारी अनुगमनमा सहयोगी बनाउन र बाल संरक्षण प्रणालीमा पूर्वखोला गाउँपालिका र सबै सरोकारवालाहरुको न्यूनतम समझदारी तथा साझा बुझाईमा एकरुपता ल्याएर बालमैत्री स्थानीय शासन लागु गरी घोषणा गर्ने गरी यो कार्यविधी तयार गरिएको छ ।

यसका मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन ।

क) सबै समुदायका बालबालिकाको हकअधिकारको संरक्षण तथा सम्वर्धन गर्ने ।

ख) गाउँपालिकाको बाल संरक्षण तथा बालमैत्री स्थानीय शासनका लागि उपयुक्त संयन्त्रको निर्माण तथा कार्यक्रमहरुको तर्जुमा गर्न सहयोग पुर्याउने ।

ग) वडाबाट हुने बालमैत्री सेवा प्रवाहमा न्यूनतम समरुपता कायम गर्न योगदान दिने।

घ) बालमैत्री स्थानीय शासन प्रबर्धन गर्दै विद्यालयहरुलाइ बालमैत्री विद्यालय वनाउँने ।

ङ) बालबालिका माथि हुने जुनसुकै प्रकारको हिंसा, दुर्व्वहार, हानी र जोखिम न्यूनीकरण गर्ने।

च) बालबालिकाको अभिलेख ( घटना व्यवस्थापन, सूचना, तथ्याङ्क आदी) व्यवस्थापन गर्ने ।

छ) बाल अधिकार संरक्षणको लाधि सरकारी, गैरसरकारी र अन्य सरोकारवालाहरु बिच समन्वय, सहकार्य र साझेदारी स्थापना गर्ने।

ज) पालिका भित्र रहेका विभिन्न सरोकारवाला निकायहरुको सहयोग तथा समन्वयमा पालिकालाइ बालमैत्री पालिका घोषणा गर्दै बालबालिका सम्वन्धि सम्पूर्ण कार्यहरुलाइ दिगोपनको सुनिश्चतता गर्ने ।

### परिच्छेद ३



तुल बहादुर थापा
अध्यक्ष

## बालमैत्री स्थानीय शासन सञ्चालनको
## संस्थागत व्यवस्था

६. बालमैत्री स्थानीय शासन कार्यक्रमलाइ प्रभावकारी रुपमा संचालनको गर्नको लागि निम्नानुसारको संस्थागत व्यवस्था गरिनेछ ।

**क. बालमैत्री स्थानीय शासन गाउँ समिति गठन :**

बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिताको विषयमा स्थानीय तहको नीति, संरचना, पद्दती र प्रकृयामा मुलप्रिवहकरणका लागि तपसिल बमोजिमको **बालमैत्री स्थानीय शासन गाउँ समिति** गठन हुनेछ ।

तपसिल :

**(अ) बालमैत्री स्थानीय शासन गाउँ समितिः**

(क) गाउँपालिकास्तरमा बालमैत्री स्थानीय शासन सञ्चालन गर्नका लागि देहाय बमोजिमको बालमैत्री स्थानीय शासन गाउँ समिति रहनेछः

(१) गाउँपालिका अध्यक्ष - अध्यक्ष

(२) उपाध्यक्ष - उपाध्यक्ष

(३) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(४) वडाअध्यक्ष (सबै) - सदस्य

(५) गाउँ कार्यपालिका सदस्य (सबै)- सदस्य

(६) शाखा प्रमुखहरु (प्रशासन,योजना, स्वास्थ्य, शिक्षा, महिला तथा बालबालिका, खानेपानी तथा सरसफाइ, सूचना प्रविधी, प्राविधिक)- सदस्य

(७) महिला र बालबालिकाको क्षेत्रमा काम गर्ने स्थानीय गैर सरकारी संघसंस्था मध्येबाट अध्यक्षले मनोनयन गरेको एक महिला सहित २ जना प्रतिनिधि - सदस्य

(८) स्थानीय विद्यालय र स्वास्थ्य व्यवस्थापन समितिहरु मध्येबाट अध्यक्षले मनोनयन गरेको १/१ जना प्रतिनिधि - सदस्य



लुन बहादुर थापा
अध्यक्ष

(९) गाउँपालिकामा कार्यरत महिला शिक्षिका र महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट अध्यक्षले मनोनयन गरेको १/१ जना प्रतिनिधि -

सदस्य

(१०) गाउँस्तरीय बाल सञ्जालका अध्यक्ष सहित (२ जना) (कम्तिमा १ जना बालिका समेत) -

सदस्य

(११) महिला र बालबालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक संस्था वा समूहमध्ये अध्यक्षले तोकेको महिला प्रतिनिधि (१ जना) -

सदस्य

(१२) गाउँपालिका क्षेत्रमा रहेको ईलाका प्रहरी कार्यालयका प्रमुख - सदस्य

(१३) बाल कल्याण अधिकारी - सदस्य सचिव

यस समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा संस्थाका प्रतिनिधिहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**(ख) बालमैत्री स्थानीय शासन गाउँ समितीको काम, कर्तव्य र जिम्मेवारीः**

बालमैत्री स्थानीय शासन गाउँ समितिको कार्यहरु देहाय वमोजिम हुनेछ :

(१) बालमैत्री स्थानीय शासन सम्बन्धी गाउँस्तरको नीति, रणनीति, कार्यविधि तयार गर्ने र यस पद्धतिको प्रवर्द्धन गर्न गाउँपालिकालाई नीतिगत पृष्ठपोषण गर्ने ।

(२) बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्ने ।

(३) बालमैत्री स्थानीय शासन पद्दतिको लागि पार्श्वचित्र, लगानी योजना, वार्षिक कार्यक्रम तथा क्रियाकलापको तर्जुमा गर्न सहयोग गर्ने ।

(४) बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि गाउँपालिकावाट स्वीकृत कार्यक्रमको कार्यान्वयनमा सहयोग गर्ने।

(५) वडा तथा समुदाय स्तरमा रहेको समितिको भूमिका प्रभावकारी बनाउन सहयोग गर्ने ।

(६) बालक्लव तथा वालसञ्जाल गठन तथा परिचालनमा सहयोग गर्ने ।

नुन बहादुर थापा
अध्यक्ष

(७) स्थानीय तहमा वालवालिकाको क्षेत्रमा कार्यरत सरकारी निकाय एवम् गैर सरकारी संघसंस्थाबीच आवश्यक समन्वय गर्ने गराउने ।

(८) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको अनुगमन र मूल्याङ्कन गर्ने, गराउने ।

**(ख) बालमैत्री स्थानीय शासन वडा समितिः**

वडास्तरमा बालमैत्री स्थानीय शासन सञ्चालन गर्नका लागि देहाय बमोजिमको बालमैत्री स्थानीय शासन वडा समिति रहनेछः

(१) वडा अध्यक्ष - अध्यक्ष

(२) वडा समितिका सदस्य (सबै) - सदस्य

३) वडामा रहेको स्वास्थ्य संस्थाका प्रमुख - सदस्य

(४) महिला र बालबालिकाको क्षेत्रमा कार्यरत स्थानीय गैरसरकारी संघसंस्था वा सामुदायिक संस्था वा टोल विकास संस्था मध्येबाट वडा अध्यक्षले मनोनयन गरेको प्रतिनिधि (२ जना) - सदस्य

(५) वडामा रहेका विद्यालय तथा स्वास्थ्य व्यवस्थापन समिति मध्येबाट वडा अध्यक्षले मनोनयन गरेको प्रतिनिधि (३ जना)- सदस्य

(६) वडामा कार्यरत महिला स्वास्थ्य स्वयंसेविका - सदस्य

(७) वडास्तरीय बाल सञ्जालका अध्यक्ष सहित २ जना (कम्तिमा १ जना बालिका) - सदस्य

(८) वडा सचिव - सदस्य-सचिव

यस समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा संस्थाका प्रतिनिधिहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**(अ) बालमैत्री वडा समितीको काम, कर्तव्य र जिम्मेवारीः**

बालमैत्री स्थानीय शासन वडा समितिको कार्यहरु देहाय वमोजिम हुनेछ :

(१) बालमैत्री स्थानीय शासन सम्बन्धी वडास्तरको योजना तयार गर्न र यस पद्धतिको प्रवर्द्धन गर्न वडा समितिलाई सहयोग गर्ने ।



तुल बहादुर थापा
अध्यक्ष

(२) बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने ।

(३) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न समन्वय गर्ने ।

(४) बालक्लव गठन तथा परिचालनमा सहयोग गर्ने ।

(५) वडामा बालबालिकाको क्षेत्रमा कार्यरत सरकारी निकाय एवम् सामाजिक संघसंस्था र समुहबीच आवश्यक समन्वय गर्ने गराउने ।

(६) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको अनुगमन गर्ने, गराउने।

**(ग) बालमैत्री स्थानीय शासन समुदाय स्तरीय समितिः**

बालमैत्री स्थानीय शासनलाई समुदायस्तरमा सञ्चालन गर्नका लागि देहाय बमोजिमको बालमैत्री समुदायस्तरीय समिति गठन गर्न सकिनेछः

(१) वडा समितिले तोकेको वडा समितिको सदस्य - अध्यक्ष

(२) गाउँ/वडा समितिमा सूचीकृत भएका टोल विकास संस्था/सामुदायिक संस्था/आमा समूहका अध्यक्षहरु - सदस्य

(३) स्थानीय विद्यालय र स्वास्थ्य संस्थाका प्रतिनिधिहरु - सदस्य

(४) समुदायमा रहेका बाल समूहका अध्यक्षहरु - सदस्य

(५) समितिको अध्यक्षले समितिका सदस्यहरु मध्येबाट एक जनालाई सदस्य सचिव तोक्न सक्नेछ ।

**(अ) बालमैत्री स्थानीय शासन समुदायस्तरीय समितिको काम, कर्तव्य र जिम्मेवारीः**

बालमैत्री स्थानीय शासन समुदाय समितिको कार्यहरु देहाय बमोजिम हुनेछ :

(१) बालमैत्री स्थानीय शासन सम्बन्धी बस्तीस्तरको योजना तयार गर्न सहयोग गर्ने,

(२) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमको लागि आवश्यक पैरवी गर्ने,

(३) बाल अधिकारको प्रर्वद्धन हुने क्रियाकलाप तथा अभियानहरूमा सहयोग गर्ने,

(४) समूदायस्तरमा बालक्लव/बालसमूह गठन र परिचालनमा सहयोग गर्ने।



नुन बहादुर थापा
अध्यक्ष

## परिच्छेद ४
## कार्यान्वयन प्रकृया

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

**७. बालमैत्री स्थानीय शासन कार्यान्वयन प्रकृया:**

बालमैत्री स्थानीय शासन कार्यान्वयनका प्रक्रिया देहाय बमोजिम हुनेछ ।

**(क) पूर्वतयारी चरणः**

(१) कार्यपालिकाबाट गाउँपालिकालाई बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्न निर्णय गर्ने।

(२) बालमैत्री स्थानीय शासनको अवधारणा सम्बन्धमा गाउँ समितिका पदाधिकारी र अन्य सरोकारवालालाई अभिमुखीकरण गर्ने।

(३) कार्यपालिका र बालमैत्री स्थानीय शासन गाउँस्तरीय समितिबाट लिखित प्रतिबद्धता गर्ने।

(४) बालमैत्री स्थानीय शासनको अवधारणा र विद्यमान अवस्था सम्बन्धी कार्यान्वयन निर्देशिकाको सूचकमा आधारित भई गाउँपालिकामा बालबालिकाको अवस्था सम्बन्धी वस्तुगत विवरण (प्रोफाईल) तयार गर्ने र प्रकाशन गर्ने।

(५) बालमैत्री स्थानीय शासनका सूचकहरुको स्थानीयकरण गर्ने।

(६) बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्न आवश्यक स्थानीय नीति/रणनीति/कार्यविधि/निर्देशिका र आचारसंहिता तर्जुमा गर्ने।

**(ख) तयारी चरणः**

(१) गाउँपालिका र वडामा बालमैत्री स्थानीय शासनको लागि संस्थागत प्रवन्ध (सम्पर्क शाखा, सम्पर्क व्यक्ति तोक्ने र जिम्मेवारी दिने)गर्ने।

(२) बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने वडाहरू छनौट गर्ने।

(३) बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायवाट बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि स्रोत सहितको प्रतिबद्धता प्राप्त गर्ने।

(४) बालमैत्री स्थानीय शासन कार्यान्वयनको लागि लगानी योजना तयार गर्ने।

(५) बालकोष स्थापना र बालकोष सञ्चालन कार्यविधि स्वीकृति गर्ने।

(६) बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने वडामा आवश्यकता अनुसार बाल क्लब, बाल सञ्जाल, टोल विकास संस्था/समुदायमा आधारित संस्थाहरूको गठन र परिचालन गर्ने।

**(ग) नीति तथा योजना तर्जुमा तथा कार्यान्वयनको चरणः**



नुन बहादुर थापा
अध्यक्ष

(१) लगानी योजनामा आधारित भई बालमैत्री स्थानीय शासनका सूचक प्राप्त गर्न क्षेत्रगत क्रियाकलापहरूको तयारी गर्ने।

(२) छनोट भएका क्षेत्रगत क्रियाकलापहरूको लागि आवश्यक बजेट विनियोजन गर्ने।

(३) साझेदार र सरोकारवालाहरूको सञ्जाल निर्माण, समन्वय र सहकार्य गर्ने।

(४) स्वीकृत वार्षिक क्रियाकलापहरूको कार्ययोजना बनाई कार्यान्वयन गर्ने।

(५) बालमैत्री स्थानीय शासनका सूचक अनुसारको नतिजा प्राप्तिको सुनिश्चितता गर्ने।

**(घ) अनुगमन, मूल्याङ्कन र प्रतिवेदनको चरणः**

(१) वडा समिति, गाउँ स्तरीय समितिवाट सूचक पुरा भएको अवस्थामा सरोकारवालाहरू समेतको सहभागितामा अनुगमन र समीक्षा गरी प्रतिवेदन तयारी गर्ने।

(२) बालमैत्री स्थानीय शासनका सूचकका आधारमा स्थितिपत्र तयारी र सार्वजनिकीकरण गर्ने।

(३) बालमैत्री स्थानीय शासनको घोषणाको लागि तोकिएको निकायबाट अनुगमन गर्ने।

(४) गाउँपालिका तथा वडाबाट सूचक पुरा भएको व्यहोरा प्रमाणीकरण गर्ने।

(५) बालमैत्री वडा/स्थानीय तह घोषणाका लागि तोकिएको निकायबाट अनुमति प्राप्त गर्ने ।

**(ङ) बालमैत्री वडा/गाउँपालिका घोषणा र दिगोपनाको चरणः**

(१) बालमैत्री वडा/गाउँपालिका घोषणा पश्चातको रणनीतिक योजना तर्जुमा गर्ने।

(२) बालमैत्री वडा घोषणा गर्न कार्यपालिका र गाउँपालिका घोषणा गर्न गाउँ सभाले निर्णय गर्ने।

(३) बालमैत्री वडा/गाउँपालिका घोषणा गर्ने।

(४) बालमैत्री वडा/गाउँपालिका घोषणा पश्चातको दगोपनाको लागि रणनीतिक योजना कार्यान्वयन गर्ने।

(५) वार्षिक रुपमा प्रतिवेदन तयारी र प्रकाशन गर्ने।

(६) बालमैत्री स्थानीय शासनका सूचकहरूको दिगोपनाको सुनिश्चितता गर्ने ।

## परिच्छेद ५
## मूल्याङ्कन, विस्तार र स्रोत व्यवस्था

**८. स्थानीय तहको मूल्याङ्कन**

नुन बहादुर थापा
अध्यक्ष

गाउँपालिकाले प्रत्येक वर्ष बालमैत्री स्थानीय शासनका सूचकहरूको आधारमा आफ्नो स्थानीय तह र वडालाई मूल्याङ्कन गर्नु पर्नेछ। यसरी गरिएको मूल्याङ्कनको आधारमा यस निर्देशिका बमोजिम तटस्थ वा अवलम्बन वा उन्मुख वा बालमैत्री वडा/स्थानीय तहको रुपमा अवस्था उल्लेख गरी प्रतिवेदन समेत सार्वजनिक गर्नु पर्नेछ ।

**९. बालमैत्री स्थानीय शासन पद्धति अवलम्बन र विस्तार**

गाउँपालिका तथा सम्बन्धित साझेदार निकाय एवं संस्थाहरूको चासो र सहयोगी भूमिकाको आधारमा आर्थिक वर्ष २०८७।८८ सम्म गाउँपालिकाका सबै वडाहरुलाई बालमैत्री वडा घोषणा गरी गाउँपालिकालाई समेत बालमैत्री घोषणा गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि गाउँपालिकाले बालमैत्री स्थानीय तह घोषणा गर्ने अवधि सहितको कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउनेछ। यस कार्यमा तीनै तहका सरकारबाट विकास साझेदार, गैरसरकारी संघसंस्था, सामुदायिक संस्था तथा निजी क्षेत्रको परिचालन गर्ने नीति लिइनेछ ।

## परिच्छेद ६
## कार्य योजना निर्माण , वित्तिय श्रोतको व्यवस्था तथा सूचकहरु

**१० .बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयन तथा वडा तथा स्थानीय तह घोषणाको कार्ययोजना**

बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयनको लागि बालकल्याण अधिकारीले **अनुसूची १** अनुसारको कार्ययोजना तयार गरी स्विकृतीको लागि बालमैत्री स्थानीय शासन गाउँ समिति समक्ष पेश गर्नुपर्नेछ । यसरी कार्ययोजना स्विकृत भए पश्चात बालमैत्री वडा/पालिका घोषणाका लागि तयारी चरण देखि घोषणा तथा दिगोपनका कार्यहरु क्रमश अगाडी वढाउनु पर्नेछ ।

**११. बालमैत्री स्थानीय शासनमा सरोकारवाला निकायको भूमिका**

बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयनको मुख्य जिम्मेवारी गाउँपालिकाको रहनेछ। जिल्ला समन्वय समिति, प्रदेश सरकार र अन्तर्गतका निकायहरू तथा सङ्घीय सरकारका निकायहरूले स्थानीय तहको कार्यक्रमलाई प्रभावकारी बनाउन आर्थिक रुपमा बजेट हस्तान्तरण तथा अनुगमन गरी पृष्ठपोषण दिनेछन्।



भुम बहादुर थापा
अध्यक्ष

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

## १२. वित्तीय स्रोत व्यवस्था

बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि आवश्यक पर्ने बजेट गाउँपालिकाले आफ्नो वार्षिक बजेटवाट व्यवस्थापन गर्नेछ। नेपाल सरकार तथा प्रदेश सरकारले सशर्त अनुदानका रुपमा गाउँपालिकालाई बालमैत्री स्थानीय शासनको कार्यान्वयन गर्न थप बजेट उपलब्ध गराउन सक्नेछ।

## १३. उपलब्धि मापनका न्यूनतम् सूचकहरू

बालमैत्री स्थानीय शासन कार्यान्वयनको अवस्था मापन गर्न **अनसूची २** मा उल्लेख भए बमोजिमका ५१ वटा सूचकहरु राखिएका छन् । यसका अतिरिक्त गाउँपालिकाले आफ्नो स्थानीय आवश्यकता र सवालहरुलाई सम्वोधन गर्ने गरी थप सूचक समावेश गर्न सक्नेछ।

## १४. बालमैत्री स्थानीय शासन पद्धतिको छनौटः

बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि गाउँपालिकाले आवश्यक कार्यक्रम सञ्चालन गर्नेछन् । बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्ने वडाको छनौट सम्बन्धित गाउँपालिकाले गर्नेछ। जिल्ला समन्वय समितिले जिल्ला भित्रका स्थानीय तहमा बालमैत्री स्थानीय शासन कार्यान्वयनको लागि समन्वय, सहजीकरण र उत्प्रेरणा जगाउने क्रियाकलाप सञ्चालन गर्नेछ।

## १६. बालमैत्री स्थानीय शासनको अवलम्बनः

गाउँपालिकाले बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गरी बालमैत्री गाउँपालिका कार्यान्वयनका चरणमा उल्लेख भएका विषयहरुलाई क्रमशः कार्यान्वयन गर्नेछ। गाउँपालिकाले बालमैत्री स्थानीय तह घोषणाको लागि तोकिएका सूचकहरुको नियमित अनुगमन तथा समीक्षा गरी प्रगति विवरण सार्वजनिक गर्नेछ। बालमैत्री स्थानीय शासनका सूचकहरुलाई गाउँपालिकाको नियमित प्रगति प्रतिवेदन तथा अनुगमन र समीक्षा गर्ने कार्यमा समावेश गर्नेछ ।

## १७. बालमैत्री गाउँपालिका घोषणाः

बालमैत्री गाउँपालिका घोषणाको लागि **अनुसूची २** मा उल्लेख भएका सूचकहरुको नतिजा प्राप्तीको आधारमा देहाय अनुसार तटस्थ सूचक, अवलम्बन सूचक, घोषणा उन्मुख सूचक र बालमैत्री वडा/गाउँपालिकाको रुपमा वर्गीकरण गरिनेछ। तोकिएका सूचकहरुमा ८० प्रतिशत भन्दा बढी



नुन बहादुर थापा
अध्यक्ष

अंक हासिल गर्ने वडालाई बालमैत्री वडा घोषणा गरिनेछ। बालमैत्री गाउँपालिका घोषणा गर्नुअघि गाउँपालिकाले सूचक प्राप्तीको सुनिश्चतताको लागि मूल्याङ्कनको प्रभावकारी व्यवस्था मिलाउनेछ ।

| स्थानीय तहको वर्गीकरण | आधारभुत सूचक | घोषणाको स्वीकृति दिने निकाय | कैफियत |
|---|---|---|---|
| बालमैत्री वडा | ८०% वा सोभन्दा बढी | वडा समितिको सिफारिसमा कार्यपालिकाले | ८०% वा सोभन्दा बढी |

## परिच्छेद ७
## बालकल्याण अधिकारी सम्वन्धी व्यवस्था
## काम, कर्तव्य र अधिकार

बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयन तथा अवलम्वनको सम्पूर्ण प्रकृया पुरा गरी पालिकालाइ बालमैत्री गाउँपालिका घोषणा तथा दिगोपनको लागि गाउँपालिको सामाजिक विकास शाखा अन्तर्गत रहने गरी एक जना बाल कल्याण अधिकारीको व्यवस्था गरिनेछ ।

**१५. बाल कल्याण अधिकारी**

(क) बालमैत्री स्थानीय शासन कार्यन्वयन गर्न गाउँपालिकाले एक (१) जना बाल कल्याण अधिकारी नियुक्त गर्नेछ । यसरी नियुक्त हुने बाल कल्याण अधिकारी बालमैत्री स्थानीय शासन कार्यान्वयनको सम्पर्क व्यक्तिका रुपमा रहनेछन् ।

(ख) उपदफा (क) बमोजिम नियुक्त हुने बाल कल्याण अधिकारीले पाँचौ तहको कर्मचारीले प्राप्त गर्ने सेवा सुविधा प्राप्त गर्नेछ ।

(ग) उपदफा (क) बमोजिम नियुक्त हुने बाल कल्याण अधिकारीको लागि चाहिने न्यूनतम आवश्यक योग्यता देहाय बमोजिम हुनेछ;

अ) नेपाली नागरिक ।



नुन बहादुर थापा
अध्यक्ष

आ) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कानून वा सामाजिक अध्ययन विषय लिई प्रविणता प्रमाणपत्र वा १०+२ वा सो सरहको उपाधि हासिल गरेको ।

इ) बाल अधिकार वा बाल संरक्षणको क्षेत्रमा काम गरेको अनुभव भएको ।

ई) कम्तीमा २५ वर्ष उमेर पूरा भई ४५ वर्ष ननाघेको ।

उ) नेपालको कुनै कानूनद्धारा अयोग्य नभएको ।

(घ) बाल कल्याण अधिकारीको सेवाका शर्त तथा अन्य सुविधाहरु गाउँ कार्यपालिकाको कार्यालयले तोके बमोजिम हुनेछ।

**१६. बालकल्याण अधिकारीको काम, कर्तव्य र अधिकारः**

बालकल्याण अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(१) बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्न आवश्यक स्थानीय नीति/रणनीति/कार्यविधि/निर्देशिका र आचारसंहिता तयार गर्ने ।

(२) बालमैत्री स्थानीय शासनको अवधारणा सम्बन्धमा गाउँ समितिका पदाधिकारी र अन्य सरोकारवालालाई अभिमुखीकरण गर्ने।

(३) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट स्वीकृत नीति र योजना अनुरूप समितिको वार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वयन गर्न गाउँपालिका र बालमैत्री स्थानीय शासन गाउँ समितिलाई आवश्यक सहयोग गर्ने तथा कार्य सम्पादनको प्रगति प्रतिवेदन समितिको बैठकमा पेश गर्ने,

(४) बालमैत्री स्थानीय शासनको अवधारणा अनुसार स्थानीय तहभित्र स्थायी तथा अस्थायी रूपमा बसोबास गर्ने सबै बालबालिकाले प्राप्त गर्नुपर्ने हेरचाह, स्वास्थ्य, शिक्षा, संरक्षण तथा सहभागिताको अवस्था सम्बन्धी तथ्याङ्क सङ्कलन र विश्लेषण गरी वस्तुगत विवरण (प्रोफाईल) तयार गरी प्रकाशन गराउने ।

(५) बालमैत्री स्थानीय शासनका सूचकहरुलाइ स्थानीयकरण गर्ने गराउने ।

(६) बालमैत्री स्थानीय शासन कार्यान्वयनको लागि लगानी योजना तयार गरी पेश गर्ने ।

(७) बालकोष स्थापना र बालकोष सञ्चालन कार्यविधि तयार गरी स्वीकृति गराउने ।



नुन बहादुर थापा
अध्यक्ष

(८) बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने वडामा आवश्यकता अनुसार बाल क्लब, बाल सञ्जाल, टोल विकास संस्था/समुदायमा आधारित संस्थाहरूको गठन गरी परिचालन गर्ने गराउने ।

(९) साझेदार र सरोकारवालाहरूको सञ्जाल निर्माण गरी समन्वय र सहकार्य गर्ने ।

(१०) स्वीकृत वार्षिक क्रियाकलापहरूको कार्ययोजना बनाई सेही आधारमा कार्यान्वयन गर्ने ।

(११) कार्यक्रमको चैमासिक अनुगमन गराउने र समीक्षा गराइ प्रतिवेदन पेश गर्ने ।

(१२) बालमैत्री स्थानीय शासनका सूचकका आधारमा स्थितिपत्र तयार गरी सार्वजनिकीकरण गर्ने ।

(१३) बालमैत्री स्थानीय शासनको घोषणाको लागि तोकिएको निकायबाट अनुगमन गराउने ।

(१४) बालमैत्री वडा/गाउँपालिका घोषणा गराउने ।

(१५) बालमैत्री वडा/गाउँपालिका घोषणा पश्चात दिगोपनाको लागि बालमैत्री स्थानीय शासन रणनीतिक योजना कार्यान्वयन गर्ने।

(१६) बालमैत्री सम्वन्धी वार्षिक प्रतिवेदन तयारी र प्रकाशन गर्ने।

(१७) पालिका तथा बालमैत्री स्थानीय शासन गाउँसमितिको निर्णय एवं निर्देशन कार्यान्वयन गर्ने ।

(१८) गाउँपालिका तथा बालमैत्री स्थानीय शासन समितिबाट प्रत्यायोजित अन्य काम गर्ने ।

## अनुसूची १

### दफा १० संग सम्वन्धित कार्ययोजनाको नमूना [वार्षिक]

बाल कल्याण अधिकारीले तपिसल वमोजिमको ढाचामा बालमैत्री स्थानीय शासन कार्यक्रमको वार्षिक कार्य योजना तयार गरी समिति समक्ष पेश गर्नुपर्नेछ ।

तपसिल

| सि नं | कार्यक्रम/कृयाकलाप | स्थान वा वडा | उद्देश्य | मिति | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|---|
| आ व ०८२/०८३ | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| आ व ०८३/०८४ | | | | | | |
| १ | | | | | | |



तुल बहादुर थापा
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| आ व ०८४/०८५ | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| आ व ०८५/०८६ | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |

## अनुसूची १-१
## कार्ययोजनाको नमूना [मासिक]

तपसिल

| सि नं | कार्यक्रम/कृयाकलाप | स्थान वा वडा | उद्देश्य | मिति | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |

नुन बहादुर थापा
अध्यक्ष

अनुसूची २

बालमैत्री स्थानीय  शासनका न्यूनतम सूचकहरु

[दफा१३ संग सम्वन्धित ]

| क सं | सूचक | विद्दमान अवस्था | घोषणा गर्न न्यूनतम अंक |
|---|---|---|---|
| क | बाल वचाउ | | |
| १ | गर्भवती महिलाहरुले कम्तिमा प्रसूती पूर्व चारपटक र प्रसूती पश्चात आमा र अवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाच गराएका हुनेछन् । | | ९५ प्रतिशत |
| २ | गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाएका हुनेछन् । | | ९५ प्रतिशत |
| ३ | गर्भवती तथा सुत्केरी आमाहरुले आइरन चक्की [ २२५ वटा] खाएका हुनेछन् । | | ९५ प्रतिशत |
| ४ | दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराइएका हुनेछन । | | ८० प्रतिशत |
| ५ | ६ महिना सम्मको शिशुलाइ आमाले अनिवार्य रुपमा पूर्ण  स्तनपान गराएका हुनेछन् । | | ८० प्रतिशत |
| ६ | ६ महिना देखि ५ वर्ष मुनिका सबै बालवालिकाहरुलाइ वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाइएको हुनेछ । | | १०० प्रतिशत |
| ७ | एक वर्ष भित्रका प्रत्येक बालवालिकाले नेपाल सरकारले तोकेका सवै र पूर्ण खोप प्राप्त गरी पूर्णखोप युक्त पालिका घोषणा भएको हुनेछ । | | १०० प्रतिशत |
| ८ | **HIV** संक्रमित आमावाट जन्मिएका सबै बालबालिकाले **ARV Prophylaxis** पाएका हुनेछन । | | १०० प्रतिशत |
| ९ | सबै घर परिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेका हुनेछन् । | | १०० प्रतिशत |



लुन बहादुर थापा
अध्यक्ष

| | | | |
|---|---|---|---|
| १० | कम तौल पुड्को र ख्याउनटेपन हुने ५ वर्ष मुनिका बालवालिकाहरुको संख्यामा कमी आएको हुनेछ । | | ८० प्रतिशत |
| ११ | अतिकडा कुपोषण भएका बालबालिकाबो संख्या शून्य भएको हुनेछ । | | १०० प्रतिशत |
| १२ | सवै घरधुरीमा आधारभूत तहको खानेपानीको सुविधा उपलव्ध भएको हुनेछ । | | १०० प्रतिशत |
| १३ | सावुन पानीले हात धुने परिपाटीको विकास भएको हुनेछ । | | १०० प्रतिशत |
| १४ | प्रत्येक घरपरिवारले शौचालयको प्रयोग गरेको तथा खुल्ला दिसामुक्त पालिका घोषणा भएको हुनेछ । | | १०० प्रतिशत |
| ख | बाल संरक्षण | | |
| १५ | ५ वर्ष मुनीका सवै बालवालिकाको जन्मदर्ता भएको हुनेछ । | | १०० प्रतिशत |
| १६ | निकृष्ट प्रकारको बाल श्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पुनस्थापना भएको हुनेछ । | | १०० प्रतिशत |
| १७ | स्थानीय तह बाल विवाह मुक्त भएको हुनेछ । | | १०० प्रतिशत |
| १८ | घरपरिवार समुदाय सार्वजनिक स्थल [विद्यालय, सामाजिक चाडपर्व, भेला आदी] मा बालबालिका विरुद्ध हुने हिंसा वेचविखन शोषण वेवास्ता र दुर्व्यहारमा कमी आएको हुनेछ । | | ८० प्रतिशत |
| १९ | समुदायमा आधारित बाल संरक्षण प्रर्णाली स्थापित भइ संचालनमा ल्याइएको हुनेछ । | | १०० प्रतिशत |
| २० | छाउपडी कमलरी जस्ता सामाजिक कुप्रथा नरहेको हुनेछ । | | ९५ प्रतिशत |
| २१ | स्थानीय तह/समुदायले १४ वर्ष मुनिका असहाय वालवालिका [ भएमा ] को संरक्षण गर्न विशेष व्यवस्था गरेका हुनेछन । | | १०० प्रतिशत |



जुन बहादुर थापा
अध्यक्ष

| | | | |
|---|---|---|---|
| २२ | स्थानीय तहमा सडक बालवालिकाको संख्या शून्य भएको हुनेछ [ सडक बालवालिकालाइ [भएकोमा ] बालगृहमा राखि व्यवस्थापन भएको हुने ] | | १०० प्रतिशत |
| २३ | स्थानीय तहमा रहेका विद्यालयहरुले बालवालिकाहरुलाइ शारीरिक तथा मानसिक यातना दिने छैनन् । | | १०० प्रतिशत |
| २४ | कूलतमा लागेका बालवालिकाको लागि बाल सुधार गृहमा राख्ने व्यवस्था मिलाइको हुनेछ । | | १०० प्रतिशत |
| ग | बाल विकास | | |
| २५ | ३ देखि ४ वर्ष उमेर पुगेका सवै बालवालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भइ टिकाउदर शतप्रतिशत रहेको हुनेछ । [फरक क्षमता भएका बालवालिकाको हकमा विशेष व्यवस्था गर्नुपर्ने ] | | १०० प्रतिशत |
| २६ | ५ देखि १४ वर्ष उमेर समूहका शतप्रतिशत बालवालिकाले आधारभूत शिक्षा [१ देखि कक्षा ८ सम्म ] पुरा गरेका हुनेछन । | | १०० प्रतिशत |
| २७ | प्रत्येक विद्यालयमा खानेपानीको सुविधा सहित छात्रछात्राको लागि अलग अलग शौचालयको व्यवस्था भइ यसको प्रयोग भएको हुनेछ । | | १०० प्रतिशत |
| २८ | सवै विद्यालयका पूर्वाधार [ कक्षा कोठा, फर्निचर , खेलमैदान, खानेपानी धारा ] बालमैत्री अपांङ्गमैत्री र सुरक्षित भएका हुनेछन् । | | १०० प्रतिशत |
| २९ | प्रत्येक विद्यालयमा अतिरिक्त कृयाकलाप सम्वन्धि कार्यक्रम सन्चालन भएको हुनेछ । | | १०० प्रतिशत |
| ३० | सवै विद्यालयहरुले कुहिने र नकुहिने फोहर अलग अलग बिसर्जन गर्ने व्यवस्था गरेका हुनेछन । | | १०० प्रतिशत |
| घ | बाल सहभागिता | | |



तुल बहादुर थापा
अध्यक्ष

| | | | |
|---|---|---|---|
| ३१ | स्थानीय तहमा समावेशी आधारमा बाल सन्जाल गठन भइ कृयाशिल [न्यूनतम् वार्षिक ३ वटा वैठक, ३ वटा कार्यक्रम संन्चालन] गरेका हुनेछन् । | | ९५ प्रतिशत |
| ३२ | स्थानीय तहका वस्ती वा टोल र विद्यालयहरुमा समावेशी आधारमा बाल क्लव गठन भै कृयाशिल [न्यूनतम् वार्षिक ३ वटा वैठक, ३ वटा कार्यक्रम संन्चालन] गरेका हुनेछन् । | | ९५ प्रतिशत |
| ३३ | ५ कक्षा भन्दा माथि अध्ययन अध्यापन हुने विद्यालयका व्यवस्थापन समितिमा बालक्लवको प्रतिनिधित्व रहनेछ । | | १०० प्रतिशत |
| ३४ | स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लव/सन्जालको प्रतिनिधित्व रहनेछ । | | १०० प्रतिशत |
| ३५ | स्थानीय तहमा रहेका बालवालिका सम्वन्धी सरोकारका संरचना /समितिहरुमा १२ देखि १८ वर्षका बालवालिकाको संरचनागत सहभागिता सुनिश्चित गरिएको हुनेछ । | | ९० प्रतिशत |
| ३६ | बालभेलावाट माग भै आएका योजनाहरु स्थानीय तहको योजनामा समावेश भएका हुनेछन् । | | १०० प्रतिशत |
| ङ | संस्थागत विकास | | |
| ३७ | वडा /गाउँ /पालिका तहमा बालमैत्री स्थानीय शासन समितिहरु गठन भै कृयाशिल रहेका हुनेछन् । | | १०० प्रतिशत |
| ३८ | स्थानीय तहहरुले आफ्नो लागि बालमैत्री आचार संहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याएका हुनेछन् । | | १०० प्रतिशत |
| ३९ | गाउँपालिका/नगरपालिकामा कम्तिमा एक बाल उद्यान सहितको बालमैत्री सिकाइ स्रोत केन्द्र सन्चालनमा रहेको हुनेछ । | | ८० प्रतिशत |
| ४० | बालबालिकाको वस्तुगत विवरण [ प्रोफइल ]को आधारमा स्थानीय हतको विकास योजना | | १०० प्रतिशत |



नुन बहादुर थापा
अध्यक्ष

| | | | |
|---|---|---|---|
| | र बालवालिकाको लागि लगानी योजना तर्जुमा भै कार्यान्वयन भएको हुनेछ। | | |
| ४१ | स्थानीय तहको योजना तर्जुमा पूर्व वार्षिक रुपमा वडा र गाउँपालिका तहमा बालभेला आयोजना गरी बालभेलाले प्राथमिकता तोकेका विषयलाइ स्थानीय तहको योजना तर्जुमा प्रकृयामा समावेश गरिएको हुनेछ । | | १०० प्रतिशत |
| ४२ | स्थानीय तहमा बालवालिका सम्वन्धी स्थितीपत्र तयारी तथा प्रकाशन र अध्यावधिक भएको हुनेछ । | | १०० प्रतिशत |
| ४३ | प्रारम्भिक बालविकास केन्द्रहरुले स्थानीय तहले तोकेको न्यूनतम् मापदण्ड पुरा गरेका हुनेछन् । | | १०० प्रतिशत |
| ४४ | विद्यालयले कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरुको लागि बालमैत्री, वातावरणमैत्री र विपद व्यवस्थापन सम्वन्धी अतिरिक्त कक्षाहरु संचालन गरेका हुनेछन् । | | १०० प्रतिशत |
| ४५ | आधारभूत शिक्षा पश्चात विद्यालय शिक्षावाट वन्चित भएका बालवालिकाहरुले जीवन उपयोगी शिक्षा [ व्यवसायीक तथा सीपमुलक तालिम ] प्राप्त गरेका हुनेछन् । | | ८० प्रतिशत |
| ४६ | स्थानीय तहमा रहेका प्रहरी [कार्यालय ] चैकीहरुमा बालमैत्री कक्ष वा बालमैत्री सम्पर्क एकाइ रहेको हुनेछ । | | १०० प्रतिशत |
| ४७ | विद्यार्थी सवार हुने शैक्षिक संस्थाका सवारी साधनहरु स्थानीय तहले तोकेको न्यूनतम मापदण्ड अनुसार बालमैत्री र अपांगमैत्री हुनेछन् । | | १०० प्रतिशत |
| ४८ | स्थानीय तहको प्रशासकीय कार्यालयमा स्तनपान कक्षको व्यवस्था भएको हुनेछ । | | १०० प्रतिशत |
| ४९ | बसपार्क, सिनेमाहल ,हाटवजार , खेलमैदान जस्ता सार्वजनिक स्थलहरुमा बालमैत्री | | १०० प्रतिशत |



गुन बहादुर थापा
अध्यक्ष

| | | | |
|---|---|---|---|
| | शौचालय र खानेपानी धाराको व्यवस्था भएको हुनेछ । | | |
| ५० | स्थानीय तहको विपद व्यवस्थापन योजनामा विपदको समयमा बालवालिकाको अवश्यकता सम्वोधन गर्ने प्रावधान समावेश भएको हुनेछ । | | १०० प्रतिशत |
| ५१ | विपदको समयमा बालवालिका तथा अपांङ्गता भएका व्यक्तिहरुको विशेष सहयोगको लागि संस्थागत व्यवस्था भएको हुनेछ । | | १०० प्रतिशत |

गाउँ कार्यपालिकाबाट पारित मितिः२०८२/०८/०४

प्रकाशित मितिः२०८२/०८/०४

आज्ञाले

राजु नेपाल

प्रमुख प्रशासकीय अधिकृत